सरावल गाउँपालिका
Sarawal Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Municipality Executive
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
Sarawal, Nawalparasi (Bardaghat-Susta West)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref. no.: ०८३/०८४
चलानी नं./Dispatch no.:

प्रथम पटक सूचना प्रकाशित मितिः२०८३/०४/२८ गते

सरावल गाउँपालिकाको आ.व.२०८३/८४ लागि आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामग्रीहरु खरिद गर्नु पर्ने भएकोले सम्वन्धित इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको ७ (सात) दिने बिद्युतीय(E-Bidding) शिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८२/८३ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अथवा म्याद थपको पत्र र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर रु.१,००० (एक हजार) तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० वजे भित्र दरभाउदाताले सार्वजनिक अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट Download तथा Upload गर्न सक्ने व्यवस्था गरिएको छ । यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक परासीस्थित आन्तरिक राजस्व खाता ३१००१००३०१०१०००३ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजातसाथ Upload गर्नु पर्नेछ । Hard copy कार्यालयमा दर्ता गरिने छैन।

२) दर्ता भएका बोलपत्रहरु ८ औं दिनको १२:३० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३) दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४) बोलपत्रसाथ रु. ५०,०००.०० (अक्षरेपी पचास हजार मात्र) रकम यस कार्यालयको परासीस्थित राष्ट्रिय बाणिज्य बैंक लि. को धरौटी खाता नं. ३१००१००३०३००००३ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानूनले तोकेको मान्य अवधि भएको जमानीपत्र (विडवन्ड) पेश गर्नु पर्नेछ।

५) दरभाउपत्र साथ सम्बन्धित दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, खरिद कार्यबाहीमा आफ्नो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको स्व-घोषणा कागजातमा हस्ताक्षर गरेको र सहीछाप लगाएको हुनुपर्नेछ ।

६) दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धिकर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ।

७) सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये Item wise रुपमा सबैभन्दा घटी दर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ।

८) दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकालाई हुनेछ।

९) रित नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भई अंक-अक्षर नबुझिने, दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

नि.प्रमुख प्रशासकीय अधिकृत

सरावल गाउँपालिका
Sarawal Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Municipality Executive
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
Sarawal, Nawalparasi (Bardaghat-Susta West)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref. no.: ०८३/०८४
चलानी नं./Dispatch no.:

१०) कबोलदाताले कबोल गरेको दररेटमा तोकिएको परिमाणमा मसलन्द तथा कार्यालय सामाग्रीहरु एकैपटकमा वा बढीमा तीन किस्तामा उपलब्ध गराई सकेपछि पनि चालु आ.ब.२०८३/८४ मा यसै शीर्षकका स्वीकृत बजेट भित्रका बोलपत्रबाट घटाघट भई बाँकी रकम बराबरका हकमा कार्यालयलाई थप परिमाण आवश्यकता भएमा सम्झौता बमोजिमकै दररेटमा थप परिमाण मसलन्द तथा कार्यालय सामग्रीहरु उपलब्ध गराउनु पर्नेछ ।

११) अन्य हकमा सार्वजनिक खरिद ऐन २०६३. र सरावल गाउँपालिकाको सार्वजनिक खरिद नियामावली २०८१ बमोजिम हुनेछ। थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ।

| क.सं. | बस्तु तथा सेवा खरिद ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | लागत अनुमान रु.(भ्याट बाहेक) | जमानत रकम(रु.) | शिलबन्दी दरभाउ पत्र खरिद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | 1/SRM/SQ/GOODS/2083/84 | शिलबन्दी दरभाउ पत्र | मसलन्द तथा कार्यालय सामाग्रीहरु खरिद एवं आपुर्ति | १९,९९,९८७.०० | ५०,०००.०० | १०००.०० |

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत